जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९ जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष : ३ | अंक : १९४ | २०८० साल, चैत्र २८ गते बुधबार | Wednesday 10 April, 2024 | पृष्ठ : ४ | मूल्य रू. ५/-

## सिम्रौनगढ नपाको कामकाजमा नगरप्रमुख कलवार बाधक बन्दै

*शु.आ. सम्बाददाता*
*कलैया, २७ चैत्र ।*

बिगत लामो समयदेखि सिम्रौनगढ नगरपालिका बिवाद चल्दै आएको सर्वविदितै छ । जनप्रतिनिधिहरुको विवादले शिक्षकहरुले महान पर्ब दशैं, तिहार र छठ पर्वमा समेत तलब भत्ता नपाएको भनि नगरपालिकाको मुल गेटमा नै धर्ना बसेका थिए। उक्त समयमा तलब भत्ता नपाएको भन्दै मानसिक तनावले एक जना शिक्षकको समेत मृत्यु हुन पुगेको थियो । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नभएकोले पचरौता नगरपालिकामा कार्यरत रहेका महेश मिश्रलाई सिम्रौनगढमा सरुवा भएको खण्डमा मिश्र नगरपालिकामा हाजिर हुने विवाद हुँदा प्रहरीको गोलि लागि एक जना सर्वसाधारणको मृत्यु समेत हुन पुगेको थियो । त्यस पछी जिल्ला प्रशासन कार्यालय बारामा तत्कालिन प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाको अध्यक्षता भएको छलफलबाट सिम्रौनगढ नगरपालिकाको बिशेष नगरसभा गर्ने गरी सहमति भई कामकाज सँचालन भएको थियो । बिशेष नगर सभा सिम्रौनगढ नभई जिल्ला समन्वय समितिको सभाहलमा जिल्ला समन्वय समितिको सभापति नरेन्द्र साहको अध्यक्षतामा सम्पन्न भएतापनि सिम्रौनगढ नगरपालिकाको कर्मचारीको तलबभत्ता बाहेक अन्य भुक्तानी हुन सकेको छैन् । साथै चालु आर्थिक वर्ष २०८०/०८१ को चैत मसान्तसम्ममा नगरपालिकाको कुनै पनि योजना समेत सँचालन हुन सकेको छैन् । भने आर्थिक बर्ष २०७९/०८० को बाँकि बक्यौता समेत भुक्तानी हुन सकेको छैन् । आर्थिक बर्ष २०७९/०८० मा प्रमुख प्रशासकीय अधिकृत मिश्र र लेखा अधिकृत मुकेश साह उक्त नगरपालिकामा कार्यरत नरहेकोले बाँकि बक्यौता भुक्तानी गर्नमा समस्या भएको कार्यालय श्रोतको दाबी रहेको छ । साथै उक्त बाँकि बक्यौता भुक्तानी गर्न कार्यालय प्रमुख मिश्र र लेखा अधिकृत साह नगरप्रमुख किशोरी प्रसाद




कलवारलाई बाँकि बक्यौता भुक्तानी गर्न रहेको खर्च बारे कार्यपालिकाबाट निर्णय गराई दिन बारम्बार आग्रह गरेपनि नगरप्रमुख कलवारले चासो नदेखाएको आरोप रहेको छ । यस बिषयमा नगरप्रमुख कलवारसँग हाम्रो सम्बाददाताले कुरा गर्दा बिशेष नगरसभाबाट आर्थिक वर्ष २०७९/०८० को बाँकि बक्यौता भुक्तानी गर्न निर्णय भईसके पनि कार्यालय प्रमुख र लेखाअधिकृतले भुक्तानी गर्न आनाकानी गर्दै आएको बताएका छन्। लेखा अधिकृत साहले आनाकानी गर्ने गरेकोले बिकल्प खोजी नगरपालिकालाई सँचालन गर्ने समेत बताएका छन् ।

## वीरगंज महानगर अनुगमन टोलीद्वारा दुई निजि अस्पतालको अनुगमन



*शु.आ. सम्बाददाता*
*पर्सा, २७ चैत्र ।*

वीरगंज महानगरपालिकाको अनुगमन टोलिले मंगलबार पनि वीरगंजको दुई वटा नीजि अस्पतालमा छड्के अनुगमन गरेको छ । वीरगंज महानगरपालिकाका उप प्रमुख इम्तियाज आलमको संयोजकत्वमा गठित अनुगमन समितिले वीरगन्जको गण्डक स्थित रहेको नारायणी बयोधा मेडिसिटी अस्पताल र वीरगन्जको पानीटंकी रोड स्थित प्रभु हस्पिटलमा अनुगमन गरेको हो । बयोधा मेडिसिटी अस्पतालको ल्याब, आईसियु फार्मेसी र चमेनागृह (क्यान्टिन)मा अनुगमन गरिएको र त्यसक्रममा कुनैपनि त्रूटी फेला नपरेको अनुगमन समितिका सदस्य तथा बिरगंज महानगरका कार्यपालिका सदस्य कन्हैया ठाकुरले बताए। प्रभु हस्पिटलको पनि ल्याब, आईसियु, फार्मेसी र चमेनागृह क्यान्टिन)मा अनुगमन गर्दा त्यहाँ पनि कुनै त्रुटी नभेटिएको जानकारी ठाकुरले दिए । दुवै अस्पतालमा सरसफाइको अवस्थापनि राम्रो अवस्थामा रहेको पाइएको जानकारी समेत दिए । अनुगमन टोलीमा महानगरका अधिकृत विपीन कुमारलाल दास, समितिका सदस्य कन्हैया ठाकुर, जिल्ला प्रहासन कार्यालय पर्साका प्रतिनिधी ब्रम्हदेव यादव, प्रहरी सहायक निरीक्षक बृजकिशोर यादव लगायतको पनि सहभागीता थियो। यसअघि सोमबार उक्त अनुगमन समितिले वीरगन्जकै नेशनल मेडिकल कलेज तथा शिक्षण

(बाँकी तेश्रो पेजमा)

## नेबिसंघ बारा :कार्यसमिति सदस्यलाई सम्मान सहित प्रमाणपत्र,२०८१ को सुभकामना आदानप्रदान

*साजिर मन्सूर*
*कलैया, २७ चैत्र ।*

नेपाल बिद्यार्थी संघ बाराको जिल्ला कार्यसमितिका सदस्यहरुलाई स-सम्मान प्रमाणपत्र बितरण गरी नयाँ बर्ष २०८१ को सुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ। कलैया ४ स्थित तेलि कल्याण सदनको भवनमा कार्यक्रम सम्पन्न भएको हो। नेपाल बिद्यार्थी संघ जिल्ला कार्यसमिति बाराको आयोजनामा कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बक्ताहरुले नयाँ बर्ष २०८१ को सबै नेपालिमा सुख शान्ती समृद्धिको कामना गरेका छन् । नेपालको हरेक सकारात्मक परिवर्तनमा नेपाल बिद्यार्थी संघको अहम भुमिका रहेको प्रमुख अतिथि काङ्ग्रेस बाराका सचिव एवम नेबि संघको केन्द्रिय सह महामन्त्री राजेश रौनियारले बताएका छन्। रौनियारले सबैलाई जोड्ने देश र देशलाई जोड्ने काङ्ग्रेस भने जस्तै काङ्ग्रेस लाई जोड्ने र बलियो बनाउने नेबि संघ भएको बताए । उनले नेबि संघ भनेको कसैको पेवा नभैइ आम नेपालिको आशा र भरोसा बोकेको संगठन भएकोले यसमा कसैले आफ्नो स्वार्थ नदेख्न चेतावनी दिए ।

रौनियारले आफुहरु बच्चाकाल देखि देशको शान्ती र प्रजातान्त्रिक युगको लागि विभिन्न लडाई लडेकाले नेबि संघ प्रती लगाव माया र स्नेह भएको बताउदै बिरासतमा राजनिती पाएकाहरु यसको गलत ब्याख्या गर्दै हिडेकोले त्यसताहरु सावधान र आफ्नो सिमामा रहन चेतावनी दिए। नेबि संघमा काम गर्ने ले मात्र आफू नेबि संघ भएको भन्न पाउने आट गर्छन कसैको झोला बोक्ने र कसैको दलाली गर्ने हरुको यो संस्था नभएको हेक्का रहोस भनेर भने ।

उनले नया साल र ईदको सुभकामना समेत दिए । नेबि संघ बाराका पुर्व अध्यक्ष एवम काङ्ग्रेस नेता बिरेन्द्र यादवले २०४६ सालको आन्दोलनमा सबैभन्दा बढि भुमिका खेलेको स्मरण गरे। २०६३ को जन आन्दोलनमा पनि नेबि संघले गरेको योगदानलाई बिर्सन नसकिने बताए । नेबि संघलाई कागजमा मात्र नराखी काम गर्ने समुहलाई मान्यता दिन माग गरे । नया बर्ष र ईदको



सुभकामना व्यक्त गरे। काङ्ग्रेस नेता बिजय गुप्ताले नेबि संघ भनेको काङ्ग्रेस को जड उत्पादन गर्ने थलो भएको बताए ।

हाल नेपालको राजनितीमा नेबि संघ को नेतृत्व ले नेतृत्व गरिरहेको तर्फ ध्यानाकर्षण गराए। नेपाली काङ्ग्रेस भित्रको बिकृती बिसङ्स्ती हटाउन पनि नेबि संघको भुमिका हुनुपर्नेमा जोड दिए। देशमा काङ्ग्रेसको बिकल्प नभएको बताए ।

काङ्ग्रेस बारालाई गुट उपगुट बाट छुटाएर एक बनाउन नेबि संघले जिम्मेवारी लिनुपर्ने बताए । नेबि संघमा झोले र आशिर्वादले आएका कसैलाई पनि हामिले अब न स्विकर्ने नेबि संघका नेता एवम काङ्ग्रेस जिल्ला कमिटी सदस्य अफ्तर मन्सूरले बताए। सो अवसरमा नेबि संघका पुर्व अध्यक्षहरु जङ्गबहादुर चौरसिया,बिरेन्द्र यादव र राकेश पान्डेलाई कदर पत्रले सम्मानित गरिएको थियो। नेपाल बिद्यार्थी संघ बाराको अध्यक्ष प्रबिण सिंहको अध्यक्षता एवम नेपाली काङ्ग्रेस बाराका सचिव एवम नेबि संघका पुर्व केन्द्रिय सहमहामन्त्री राजेश रौनियारको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा काङ्ग्रेस मधेस प्रदेश सदस्य राजेश सिंह,काङ्ग्रेस बारा निर्वाचन छेत्र नम्बर ३ का पुर्व सभापति फुलमहमद मन्सूर,नेबि संघ बाराका पुर्व अध्यक्ष एवम काङ्ग्रेस नेता बिरेन्द्र यादव,काङ्ग्रेस नेता एवम रामराजा क्याम्पसका अध्यक्ष जङ्गबहादुर चौरसिया,नेबि संघ का केन्द्रिय सदस्य हरिओम कुमार साह,नेबि संघ बाराका पुर्व अध्यक्ष राकेश पाण्डे,काङ्ग्रेस नेता बिजय गुप्ता सहितका नेताहरुको उपस्थिति रहेको थियो ।

प्रभात सिंहले सन्चालन गरेको कार्यक्रममा स्वागत नेबि संघ बाराका बरिस्ठ उपाध्यक्ष बिनयराज शर्माले गरेका थिए। शर्माले जिल्ला अधिवेशन गर्न नेबि संघले विभिन्न क्याम्पस मा संगठन बनाउन लाग्नुपर्ने बताए ।

## बारा प्रहरीको छापा, ९० बोरा प्याज बरामद

*शु.आ. सम्बाददाता*
*बारा, २७ चैत्र ।*

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक हाजिर भएको केहि घन्टा मै बारा प्रहरीले छापामारी गर्दै ९० बोरा प्याज बरामद गर्न सफल भएको छ । बिश्रामपुर गाउपालिका वडा नम्बर २ कान्तिपुरको एक घरमा छापामारी गर्दै ९० बोरा प्याज बरामद गर्न सफल भएको हो ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक महेन्द्र खडकाले सुचना पाउनसाथ प्रहरीलाई परिचालन गरेका थिए । बिश्रामपुर गाउपालिका वडा नम्बर २ कान्तिपुर निवासी जगदिश राउतको घरमा तस्करी गरी नेपाल भित्रयाएको प्याज राखिएको सुचना पाउनसाथ छापामारी साना ठुला गरी ९० बोरा प्याज बरामद गर्न सफल भएको बारा प्रहरीले जनाएको छ बरामद गरिएको ९० बोरा प्याज बरामद गरी अवाश्यक अनुसन्धान अगाडी बढाइएको बारा प्रहरीले जनाएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - पचरौता नगरपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| सह-सम्पादक | : रंजित यादव |
| समाचार सम्पादक | : आ.के ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : एन.आर.वाई. |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५/९८१४२३२७०२ |
| सम्पर्क कार्यालय | : कलैया - १४ , बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया बारा |

कजगदजबचकदजमबषथि२नञबषा।अयञ


## सम्पादकीय.............

### विस्मरणमा ऐतिहासिक दिनको महत्त्व

विसं २०४६ सालको चैत २६ गतेलाई देशमा प्रजातन्त्र पुन:स्थापना भएको महान् दिनका रुपमा लिइँदै आइएको छ । वर्तमान व्यवस्थाको आधारभूमिका रुपमा समेत परिभाषित गरिएको पहिलो जनआन्दोलनले दिएको उक्त विशिष्ट परिवर्तन नेपाली राजनीतिक इतिहासमा समेत निकै अर्थपूर्ण मानिएको छ । उक्त परिवर्तन केवल परिवर्तनमा मात्रै सीमित थिएन, नयाँ युगको सूत्रपात गरिएको सन्दर्भमा समेत त्यसको ऐतिहासिकतालाई हेरिन्छ । देशमा व्यवस्थापकीय परिवर्तनको शङ्खघोष गर्ने उक्त विशिष्ट दिनलाई विगत केही वर्षयता राजनीतिक दलहरु, नेता तथा सर्वसाधारणहरुले समेत अहिले भुल्दै जान थालेका छन् । यसपल्ट पनि चैत २६ गते न कतै उल्लेख्य कार्यक्रमहरु नै गरिएको देखियो, न कतै त्यसलाई सरकारी पक्षबाट नै खासरुपमा सम्बोधन भएको पाइयो । अहिंसात्मक आन्दोलनका रुपमा समेत देशको इतिहासमा स्थापित रहेको चैत २६ लाई विस्मरणमा पार्दै लगिनु निकै दु:खको विषयसमेत बन्न गएको छ । २०६२/६३ मा भएको दोस्रो जनआन्दोलनसम्म नै सोही दिनलाई जनआन्दोलन दिवसका रुपमा मनाइँदै आइए पनि हाल त्यो प्रक्रियाले मान्यता नै नपाएको अवस्था छ । सरकारले उक्त दिनमा पहिला दिने गरेको सार्वजनिक बिदासमेत हाल कटौतीमा पार्दै आएको छ ।

२०१७ पुस १ गतेका दिन तत्कालीन राजा महेन्द्रले प्रथम जननिर्वाचित सरकारलाई अपदस्थ गर्दै निरङ्कुश एकदलीय पञ्चायती व्यवस्था देशमा लागू गरेसँगै सुरू भएको विरोधको यात्रा ३० वर्षपछि सफलताको यात्रामा परिणत भएको थियो । क्रूर शासनको रुपमा रहेको पञ्चायती व्यवस्था टिकाइराख्नका लागि स्वतन्त्रता र मुक्तिका लागि लडिरहेका सयौँ योद्धाहरुलाई शहीद बनाइयो भने हजारौँलाई अङ्गभङ्ग पार्ने कामसमेत भयो । व्यवस्थाविरोधीहरुलाई चरम यातनाका साथमा जेलनेलको बाससमेत खुवाइए पनि अन्तत: २०४६ साल फागुन ७ गतेदेखि सर्वोच्च नेता गणेशमान सिंहको नेतृत्व र पञ्चायतविरोधी अन्य सबै दलहरुको व्यापक सहभागितामा अघि बढेको जनसागरले नारायणहिटी राजदरबारलाई घेरेपछि तत्कालीन राजा वीरेन्द्रले एकदलीय व्यवस्थाका ठाउँमा चैत २६ गते बहुदलीय प्रजातन्त्र पुनर्स्थापना घोषणा गर्न बाध्य भएका थिए । यस अर्थमा पनि प्रजातन्त्र पुनर्स्थापनाका लागि तीन दशकसम्मको लामो संघर्षले सफलता पाउनु सामान्य घटना नभएको अर्थमा त्यसको ऐतिहासिकतालाई नकार्न सकिँदैन ।

जसरी वैशाख ११ गतेलाई लोकतन्त्र दिवस र जेठ १५ गतेलाई गणतन्त्र दिवसका रुपमा मनाइँदै आइएको छ, त्यही महत्व चैत २६ गतेको रहेकोमा सन्देह छैन । हाल सत्तासीन रहेका हुन् वा प्रतिपक्षमा नै बसेका किन नहून्, अधिकांश दलका शीर्ष नेताहरुले पहिलो जनआन्दोलनकै कारण समाजमा पहिचान स्थापित गर्न सकेका हुन् । देशका निम्ति केही नयाँ गर्नुपर्छ भनेर लाग्नेहरुले नै ऐतिहासिक दिनको स्मरण नगरेको देख्दा अहिले आश्चर्य मान्नुपर्ने अवस्था छ ! चाहे २०४६ को जनआन्दोलनको नेतृत्व गरेको संसद्को सबैभन्दा ठूलो दलका रुपमा रहेको नेपाली कांग्रेस होस् या जनआन्दोलनको सहयात्री रहेको संसद्को दोस्रो ठूलो दल नेकपा एमाले नै किन नहोस्, आफ्नो धरातलीय यथार्थलाई समेत भुलेर केवल सत्ता र शक्तिकै खेलमा निमग्न रहेको देखिनुलाई विडम्बनापूर्ण मान्न करै लाग्छ ।

# विधि निर्माणमा नागरिक संलग्नता

*नेताहरू बिचौलियाको दबाबमा विधेयक ल्याउँछन् र आफ्ना सांसदलाई जस्ताको त्यस्तै अनुमोदन गर्न निर्देशन दिन्छन् । कैयौं विधेयकको सन्दर्भमा संसद् र समितिमा हुने छलफल केवल नाटक हो भनेर आफैंले बोलेको छु ।*

*- खिमलाल देवकोटा*

जुनसुकै शासन व्यवस्था सञ्चालनका लागि कानुन चाहिन्छ । संविधान पनि कानुन नै हो । तर सबै विषय संविधानमा लेखिँदैन । संविधानले दिशानिर्देश गर्दछ । यो मूल कानुन हो । यससँग बाझिएका कानुन अमान्य हुन्छन् । यो सर्वोपरि सिद्धान्त नै हो । संविधानलाई टेकेर ऐन निर्माण गरिन्छ । यसलाई प्राथमिक कानुन भनिन्छ । ऐनको तर्जुमा गर्ने काम संसद् (व्यवस्थापिका) ले गर्छ । संसद्ले सहायक कानुन (नियमावली, विनियमावली, निर्देशिका, कार्यविधि, गठन आदेश, मापदण्ड आदि) तर्जुमा गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजित गरेको हुन्छ । तर, कार्यपालिकाबाट जारी भएका अधिकांश सहायक कानुन ऐनले दिएका अधिकारभन्दा बाहिर गएर जारी भएको पाइएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय लगायतका निकायको प्रतिवेदनमा भ्रष्टाचारको सबभन्दा ठूलो हतियारका रूपमा सहायक कानुन कारक रहेको उल्लेख छ । मन्त्रालय तथा निकायले आफूअनुकूल सहायक कानुन जारी गर्छन् र अधिकांशले सार्वजनिक गर्दैनन् । हामीकहाँ सहायक कानुन कति छन् भन्ने यकिन विवरण छैन । राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन समितिका अनुसार नेपालमा जारी भएका कानुनमा पुगनपुग २० प्रतिशत प्राथमिक कानुन छन् । ८० प्रतिशतभन्दा बढी सहायक कानुन छन् । भ्रष्टाचारको अनुपात पनि यस्तै रहेको अख्तियार लगायतका निकायको निष्कर्ष छ । प्राथमिक कानुन तर्जुमामा नागरिकको सहभागिता सामान्य छ । सिद्धान्तत: सार्वभौम नागरिकको अधिकारको प्रयोग गर्ने थलो संसद् हो । यो सिद्धान्तले वैधता प्राप्त त गर्ला । तर नागरिकको पूर्ण स्वामित्व ग्रहण भने गर्दैन । सरकारले संसद्मा विधेयकको मस्यौदा पेस गर्छ । संसद्मा छलफल हुन्छ । संसद्पछि विधेयकहरू संसदीय समितिमा जान्छन्, त्यहाँ छलफल हुन्छ । आवश्यक परेमा विषयगत विज्ञसँग रायपरामर्श पनि हुन्छ । तर, संसद्को मेरो छोटो कार्यकालको अनुभवले विधेयकहरूमा बिचौलियाको दबदबा छ । विशेषगरी राजनीतिक दलका नेताहरू बिचौलियाको दबाबमा विधेयकहरू ल्याउने र आफ्ना सांसदलाई जस्ताको त्यस्तै अनुमोदन गर्न निर्देशन दिन्छन् । कैयौं विधेयकको सन्दर्भमा त संसद् र समितिहरूमा गर्ने छलफल केवल नाटक हो भनेर संसद् र समितिमा नै बोलेको छु । अझ विधेयकहरू त संघीयताको पक्षमा त छँदै छैनन् । प्रदेश र स्थानीय तहको एकल अधिकारको समेत हनन हुनेगरी विधेयक पेस हुने गरेका छन् । संसद्मा छलफल हुने विधेयकको स्थिति त यस्तो छ भने विभिन्न मन्त्रालय र निकायले बन्द कोठाबाट जारी गर्ने सहायक कानुनको स्थिति कस्तो होला । अधिकांश यस्ता कानुन नागरिक र सुशासनको पक्षमा छैनन् ।यस स्थितिमा विधेयक तर्जुमा प्रक्रियालाई पारदर्शी गर्ने, नागरिकको संलग्नताको सुनिश्चितता गर्ने र प्रदेश र स्थानीय तहलाई पनि संलग्न गराउने उद्देश्यसहित राष्ट्रिय सभाको प्रत्यायोजित र विधायन समितिको संयुक्त प्रयासमा सरकारले विधायनसम्बन्धी विधेयक संसद्मा पेस गरेको छ । राष्ट्रिय सभाबाट यो विधेयक अनुमोदन भई प्रतिनिधिसभामा विचाराधीन छ । लोकतान्त्रिक शासन व्यवस्थाको प्रमुख आधार नागरिक भएकाले कानुन पनि जनताद्वारा र जनताकै लागि हुनुपर्छ भन्ने मान्यता छ । कानुन तर्जुमासहित सरकारको निर्णय प्रक्रियामा नागरिक र सरोकारवालाको संलग्नता भएमात्र शासन व्यवस्था स्थायी र दिगो हुँदो रहेछ भन्ने शिक्षा मैले स्वीट्जरल्यान्ड भ्रमणबाट पनि सिकेको हो । कानुन तर्जुमा गर्दा र सरकारले नयाँ योजना ल्याउँदा नागरिक र सरोकारवालासँग अनिवार्य छलफल गर्नुपर्छ भन्ने व्यवस्था स्वीट्जरल्यान्डको संविधानमा नै छ । संसद्ले पास गरेको विधेयक र सरकारले ल्याएको कुनै परियोजनालाई समेत नागरिकले उल्ट्याइदिन सक्ने अधिकार त्यहाँ छ । त्यहाँको संसद् र सरकारले जहिले पनि नागरिकलाई सर्वोपरि ठानेर निर्णय गर्छन् । संविधानको कुनै धारामा चित्त बुझेन भने जनमतसंग्रहको अधिकार नागरिकमा सुरक्षित छ । संसद् र सरकारका निर्णयमा नागरिकको पूर्ण अपनत्व भएमा मात्र मुलुकले विकास लगायतमा फड्को मार्न सक्छ भन्ने शिक्षा स्वीट्जरल्यान्डबाट सिक्न सकिन्छ । अन्तर्राष्ट्रिय मुद्राकोषको अनलाइन डेटाअनुसार नेपालको कर्णाली प्रदेशभन्दा अलिकति ठूलो स्वीट्जरल्यान्डको जीडीपी ९ सय ६ अर्ब अमेरिकी डलर छ । जबकि नेपालको जम्मा ४१ अर्ब अमेरिकी डलर छ । प्रतिव्यक्ति आय जम्मा १ हजार ३ सय ५३ अमेरिकी डलर छ । जबकि स्वीट्जरल्यान्डको एक लाख ३ हजार डलर छ । विधि निर्माण मात्रै होइन जुनसुकै विषयमा पनि नागरिकको सहभागिताका कारण नै स्वीट्जरल्यान्डले हरेक क्षेत्रमा छलाङ मारेको हो । उनीहरूले विधिनिर्माण लगायतमा नागरिकको सहभागिता संविधानमा नै लेखेका छन् । हामीले कम्तीमा विधि निर्माणमा त नागरिकलाई जोडौं भन्ने अभिप्राय: पनि यो विधेयकको हो । संविधानमा त लेखिएन-लेखिएन । कानुनमा किन नलेख्ने भन्ने आशयले पनि यसको निर्माणमा विशेष पहलकदमी गरिएको हो । राष्ट्रिय सभाले पारित गरेको यो विधेयकको चर्चा गर्दा नेपाल सरकारका मन्त्रालयले प्रत्येक वर्ष निर्माण गर्नुपर्ने विधेयक पहिचान गरी जेठभित्र कानुन मन्त्रालयमा र मन्त्रालयले असार मसान्तभित्र संघीय संसद्मा पठाउनुपर्छ । विषयगत मन्त्रालयहरूले विधेयकको मस्यौदा लगायतका सम्बन्धमा कानुन मन्त्रालयसँग राम्रोसँग समन्वय नगर्ने समस्या छ । के कति विधेयकका मस्यौदा बन्दै छन् भन्ने जानकारी संसद्लाई पनि हुँदैन । यस व्यवस्थाले यो समस्याको समाधान गर्ने अपेक्षा छ । सरकारबाट स्वीकृत प्राप्त गरेपछि विषयगत मन्त्रालयले नागरिकहरूको राय सुझावका लागि वेबसाइटमा प्रकाशन र विधेयकको मस्यौदा तर्जुमा प्रक्रियामा सम्बन्धित मन्त्रालयले विषय विज्ञ र सरोकारवालालाई छलफलमा सहभागी गराउनुपर्ने व्यवस्था विधेयकमा छ । विधेयकको मस्यौदा ३० दिनसम्म सम्बन्धित मन्त्रालयले वेबपेजमा राख्नुपर्ने व्यवस्थासमेत छ । विधेयकको मस्यौदामा नै नागरिकको सुझावका लागि गरिएको यो महत्त्वपूर्ण व्यवस्था हो । विधेयकको मस्यौदा रातारात पेस गर्ने, मन्त्रिपरिषद्बाट स्वीकृत मस्यौदा पनि लुकाएर राख्ने प्रचलन थियो/छ । उदाहरणका रूपमा निजामती सेवा विधेयकलाई लिन सकिन्छ । यो विधेयक भदौ २१ को मन्त्रिपरिषद् बैठकबाट अनुमोदित भएको चर्चा थियो । तर ६ महिनापछि फागुन २१ मा मात्र संसद्मा दर्ता भयो । शिक्षा विधेयककै चर्चा गर्दा सरोकारवालासँग छलफल नै नगरी संसद्मा पेस भयो । सुरुमा निजी स्कुललाई गुठीमा लग्ने भनेर मन्त्रिपरिषद्बाट स्वीकृत भयो । पछि उल्ट्याइयो । सरकारका तहहरू बीचको साझा अधिकारका विषयमा विधेयक निर्माण गर्दा प्रदेश र स्थानीय तहसँग पनि छलफल गर्नुपर्छ भन्ने व्यवस्था विधेयकमा छ । यसका लागि सम्बन्धित मन्त्रालयले अन्तरसम्बन्ध ऐन, २०७७ बमोजिमको विषयगत समितिमा छलफल गराउनुपर्छ । विषयगत समितिमा सातै प्रदेशका सरोकारवाला मन्त्री र स्थानीय तहका प्रतिनिधि हुने व्यवस्था छ । यो विधेयकले प्रत्यायोजित विधायन (सहायक कानुन) को निर्माण र सीमा निर्धारण गरेको छ । सहायक कानुन जारी गर्दा विचार गर्नुपर्ने पक्षलाई लिपिबद्ध गरेको छ । कोष स्थापना र सञ्चालन गर्ने विषय, सञ्चित कोष वा अन्य सरकारी कोषबाट आर्थिक दायित्व पर्ने विषय, कुनै कार्यलाई कसुर कायम गर्ने वा भइरहेको कसुरलाई हटाउने, सजाय निर्धारण वा तत्सम्बन्धी सारवान विषय, कर लगाउने वा उठाउने, करको दर घटाउने, बढाउने वा खारेज वा मुलतबी राख्ने विषय दफा १५ मा छ । न्यायिक वा अर्धन्यायिक निकायको गठन गर्ने तथा त्यस्तो निकायको क्षेत्राधिकार सिर्जना गर्ने, मौलिक हकमाथि कुनै तरिकाले सीमा तोक्ने, नियुक्ति, अवकाश वा योग्यता निर्धारण गर्ने, पुन: प्रत्यायोजित विधायन जारी गर्ने, प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुनेजस्ता विषय प्रत्यायोजित विधायनमा समावेश गर्न पाइँदैन भन्ने व्यवस्था यसमा छ । नियमावली, विनियमावली, निर्देशिका, कार्यविधि र मापदण्डमा के कस्ता विषय उल्लेख गर्ने भन्ने आधार विधेयकमा छ । प्रत्यायोजित विधायनको मस्यौदामा कानुन मन्त्रालयबाट सहमति लिनुपर्ने व्यवस्थासमेत विधेयकमा छ । अहिले कानुन मन्त्रालयलाई समेत जानकारी नगराई आफूअनुकूल प्रत्यायोजित विधायन जारी हुने गरेको छ । यस व्यवस्थाले यसको अन्त्य हुन्छ । प्रत्यायोजित विधायन स्वीकृत भएपछि त्यस्तो विधायन स्वीकृत गर्ने निकायबाट प्रमाणीकरण भई प्राप्त भएको मितिले सात दिनभित्र सम्बन्धित मन्त्रालय वा निकायले कानुन मन्त्रालयमा दर्ता गर्न पठाउनुपर्ने र दर्ता नम्बर प्राप्त भएको मितिले सात दिनभित्र सम्बन्धित मन्त्रालय वा निकायको वेबसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्थासमेत विधेयकमा छ । नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने भए गर्ने अन्यथा वेबसाइट वा अन्य माध्यमबाट प्रत्यायोजित विधायन प्रकाशित नभएसम्म कानुनी मान्यता प्राप्त नगर्ने भन्ने व्यवस्था विधेयकको दफा २७ मा छ । लुकीछिपी प्रत्यायोजित विधायन जारी गर्ने प्रवृत्ति अन्त्यका लागि यो व्यवस्था जरुरी थियो/छ । नेपाल सरकारबाट स्वीकृत वा जारी भएका प्रत्यायोजित विधायनको प्रमाणित एक प्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राखी अन्य एकएक प्रति सम्बन्धित मन्त्रालय र कानुन मन्त्रालयमा सुरक्षित राख्नुपर्ने र प्रत्यायोजित विधायनको अद्यावधिक विवरण प्रत्येक चार महिनामा सम्बन्धित मन्त्रालयले कानुन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्थासमेत विधेयकमा छ । कानुन मन्त्रालयले प्रत्यायोजित विधायनको एकीकृत र अद्यावधिक विवरण तयार गरी आफ्नो वेबसाइटमा असार मसान्तभित्र प्रकाशन गर्नुपर्छ । यो व्यवस्थाले प्रत्यायोजित विधायनको विवरणका लागि मन्त्रालय-मन्त्रालय चहार्नुपर्ने परिस्थितिको समेत अन्त्य गराउनेछ । प्रत्यायोजित विधायन जारी भएको ३० दिनभित्र संसदीय समितिको जानकारीका लागि त्यस्तो विधायन सम्बन्धित मन्त्रीले समितिलाई उपलब्ध गराउनुपर्ने भन्ने व्यवस्थासमेत विधेयकमा छ । विधि निर्माणका सवालमा कार्यपालिका दिशाहीन र लापरबाह छ । लापरबाह कार्यपालिकालाई सही दिशामा ल्याउनका लागि पनि यो विधेयक जरुरी थियो/छ । विधायिकी प्रक्रियालाई पूर्वविधायिकी चरण, विधायिकी चरण र उत्तरविधायिकी चरणका रूपमा विभाजन गर्ने प्रचलन छ । पूर्वविधायिकी चरण भनेको संसद्मा विधेयकको मस्यौदा पेस हुनुभन्दा अगाडिको अवस्था हो । यो विधेयकले पूर्वविधायिकी चरणलाई

(बाँकी तेश्रो पेजमा)

## अन्तराष्ट्रिय समाचार

# मोदीविरुद्ध निर्वाचन आयोगमा कांग्रेसको उजुरी

*नयाँदिल्ली, २७ चैत्र ।*

भारतमा विपक्षी दल कांग्रेसले प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध निर्वाचन आयोगमा उजुरी दिएको छ । मोदीले कांग्रेसको चुनावी घोषणापत्रमाथि लाञ्छना लगाएपछि त्यसविरुद्ध कांग्रेस आयोग पुगेको हो ।

मोदीले आफ्नो चुनावी भाषणमा कांग्रेसको घोषणापत्रलाई मुस्लिम लिगको कामसँग दाँजेर त्यसमा लिगको छाप भेटिएको टिप्पणी गरेका छन् । भारत स्वतन्त्रताको समयमा छुट्टै मुलुक पाकिस्तानको माग राख्दै मुस्लिम लिग पार्टीले संघर्ष गरेको थियो । उक्त पार्टीकै माग र अडानका कारण भारतबाट पाकिस्तान छुट्टिएको थियो । प्रधानमन्त्री मोदीले भनेका छन्– 'कांग्रेसको घोषणापत्रमा स्वतन्त्रताको आन्दोलनका बेला मुस्लिम लिगमा देखिएको सोच झल्किन्छ ।' कांग्रेसले प्रधानमन्त्रीले गरेको त्यस्तो तुलनाप्रति गम्भीर आपत्ति मात्रै जनाएको छैन, आवश्यक कारबाहीमा उत्रिन आयोगलाई गुहारेको छ । कांग्रेस महासचिव जयराम रमेशसहित वरिष्ठ



नेताहरू सोमबार आयोग पुगेर उजुरी दर्ता गराएका हुन् । कांग्रेसले ६ बुँदामा आयोगसमक्ष गरेको गुनासो तथा उजुरीमा दुई बुँदा प्रधानमन्त्रीसँग सम्बन्धित छन् । प्रधानमन्त्रीको अभिव्यक्तिले निर्वाचन आचारसंहिता पनि उल्लंघन गरेको कांग्रेसको दाबी छ । प्रधानमन्त्रीले गरेको चुनावी कार्यक्रमलाई सरकारको आधिकारिक एक्स ह्यान्डलबाट प्रचार गरिएको प्रति पनि कांग्रेसले आपत्ति जनाएको छ । त्यस्तै, कांग्रेसले सरकारी स्थानमा प्रधानमन्त्रीको होर्डिङ बोर्ड लगाएर चुनावी प्रचार गरिएको गुनासो पनि गरेको छ । कांग्रेसले चुनावको मुखमा बिनापूर्वसूचना सरकारको पहलमा युट्युब च्यानलहरू पनि बन्द गरिएको प्रति आपत्ति जनाएको छ । त्यस्तै, केरल त्रिवेंद्रमबाट भाजपाका उम्मेदवार केन्द्रीय राज्यमन्त्री राजीव चन्द्रशेखरले उम्मेदवारी दर्ता गराउँदा आफ्नो सम्पत्तिको गलत विवरण पेस गरेको भन्दै त्यसमाथि कारबाहीको माग पनि कांग्रेसले गरेको छ । कांग्रेसले चुनावमा सबै दललाई समान अवसर र मौका दिनुपर्ने आयोगसँग माग गरेको छ ।

कांग्रेसले आयोगले आफूले पाएको संवैधानिक स्वायत्तताको अधिकार प्रयोग गरेर देखाउनुपर्ने आशा गरिएको भनेको छ । कांग्रेसले गत साता ल्याएको चुनावी घोषणापत्रमा २५ वटा ग्यारेन्टीको कुरा गरिएको छ । त्यसमा गरिब महिलालाई प्रतिवर्ष एक लाख रुपैयाँ प्रदान गर्ने, कृषि उत्पादनको न्यूनतम मूल्य तोकिने, सरकारी नोकरीमा महिलालाई ५० प्रतिशत ग्यारेन्टी प्रदान गरिने, सेनाका लागि ल्याइएको अग्निवीर कार्यक्रम खारेज गरिने उल्लेख छ ।

कांग्रेसले भाजपाको हिन्दुत्वको कार्डलाई जातिगत गणनामार्फत काट्ने प्रयास गरिरहेको छ । जातिगत जनसंख्याअनुसार सरकारी सेवा र पहुँचमा त्यसैअनुसारको अवसर दिने नारा दिएर मतदातालाई रिझाउने कांग्रेसको प्रयास छ । त्यस्तै, ३० लाख सरकारी पदमा नियुक्ति, बेरोजगार बसेका स्नातक युवकलाई वार्षिक एक लाख भत्ताजस्ता ग्यारेन्टी कांग्रेसले आफ्नो घोषणापत्रमा गरेको छ । जातिगत जनसंख्याको विषयलाई लिएर भाजपाले घुमाउरो पारामा देशलाई बाँड्न खोजेको भन्दै कांग्रेसको घोषणापत्रको विरोध गरेको छ । भाजपाका पार्टी अध्यक्ष जेपी नड्डाले पनि कांग्रेसको घोषणापत्रलाई मुस्लिम लिगको घोषणापत्रसँग तुलना गरेर अभिव्यक्ति दिएका छन् ।

# पक्राउ परेका एमडीलाई थुनामा नराख्न ठूलो सड्यन्त्र : को को छन् दोषी

*बीरगंज, २७ चैत्र ।*

म्याद गुज्रिएको केमिकल र औषधी प्रयोग प्रकरणमा पक्राउ परेका नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक शाहनवाज अंसारीलाई बचाउन कलेज प्रशासनले एकपछि अर्को झुठको खेती गरी रहेको छ । शुरुमा पक्राउ परेका कलेजका एमडी एवं ल्याब प्रमुखलाई थुनामा जानबाट बचाउन कलेजका प्रशासक शेखचान्द ताराले बिरामीको नाटक गर्न लगाएका थिए । उनीहरुको नौटकी अनुसार राती नै छातीमा पेन र ब्लड प्रेसर हाई भएको भन्दै दुवै जनालाई प्रहरीले नारायणी अस्पताल पुऱ्याएका थिए । पर्साका प्रहरी उपरिक्षक कुमोध ढुंगेलले बिरामी भए नारायाण अस्पतालमै भर्ना गर्न निर्देशन दिएका थिए । तर उनका आफ्तहरु नारायणी अस्पतालमा उचार सम्भव नहुने भन्दै नेशनल मेडिकल कलेजमै लानदिन दवाव दिएका थिए । तर पर्सा प्रहरीले नमानेपछि राती नै नारायणी अस्पताल भर्ना रेफर गराएर ब्योधा अस्पतालमा पुऱ्याएका थिए । नारायणी अस्पतालका मेसु चितरञ्जन साहसँग बुझदा राती समान्य ब्लड प्रेसर रहेको तथा भर्ना गर्ने स्थिती समेत रहेको पत्रकारहरु प्रतिक्रिया दिएका थिए । तर त्यसको बिपरित मेसु साहकै निर्देशनमा नारायणी अस्पताल प्रशासनले रेफर गर्दा छातीमा पेन रहेको भन्दै आईस्युमा भर्ना गर्नु पर्ने लेखेर रेफर गरेका थिए । जसबाट स्पष्ट हुन्छ कि कानुनलाई कमजोर गर्न नारायणी अस्पतालले झुठो बिवरण बनाएको थियो । समान्य बिरामीलाई आईस्युमा भर्ना गर्न मेसु साहलाई कसको दवाव थियो । त्यो खुल्न बाकी रहेको छ । नारयाणी अस्पतालको डक्टरहरुकै सल्लाह अनुसार प्रहरीले नेशनल मेडिकल अस्पतालमा लान नदिएपछि बीरगंजको ब्योधा अस्पातलको आईस्यु कक्षमा भर्ना गरिएको थियो । तर स्रोतका अनुसार ब्योधाले पनि राम्रो उपचार दिन नसेकेपछि राती १ बजे तिर फेरी परिवारका सदस्यहरुले एमडी अंसारीलाई नेशनल मेडिकल कलेजमै लान कसर गरेका थिए । तर पर्सा प्रहरीकै निर्देशन अनुसार नै प्रहरीले अर्को अस्पताल अपसनको रुपमा खाजेका थिए । त्यस पश्चात गण्डक स्थिती बीरगंज हेल्थ केयर अस्पतालमा राती १:३० बजे ब्योधाबाट हेल्थ केयरमा सिफ्ट गरिएको थियो । अस्पताल स्रोत तथा उपचारमा समलग्न चिकित्सकहरुका अनुसार उनलाई शुरुमा ब्लड प्रेसर तथा छातीमा दुखाई रहेकोमा बिहान सम्म हल्का डाईरिया र ज्वरो पनि देखिएको छ । घटना बारे प्रहरीले पनि सही प्रतिक्रिया दिन चाहेका

(बाँकी अन्तिम पेजमा)

## विधि निर्माणमा ........................................................

व्यवस्थित गर्न खोजेको छ । अराजकताको स्थितिमा रहेको प्रत्यायोजित विधायन पद्धतिलाई सुव्यवस्थित गर्ने विषय त छँदैछ । प्राथमिक कानुनको मस्यौदामा नागरिकको सहभागितालाई समेत सुनिश्चित गरेको छ । सरकारले संसद्मा विधेयकको मस्यौदा दर्ता गरेपछि विधायिकी चरण सुरु हुन्छ । यस सम्बन्धमा संविधानको भाग ९ मा उल्लेख छ । प्रतिनिधिसभा नियमावली र राष्ट्रिय सभा नियमावलीमा त झन् विस्तृत चर्चा छ । व्यवस्थापिका संसद् सञ्चालनलगायत सम्बन्धमा यी नियमावली निकै शक्तिशाली दस्ताबेज हुन् । यसबाट भएगरेका कामकारबाहीका विषयमा अदालतमा प्रश्न गर्न पाइँदैन । तर, संसद्बाट अनुमोदित जुनसुकै कानुनका विषयमा संसद्मा प्रश्न उठ्छ । यो विधेयकमा संसद्भित्रको व्यवस्थापकीय अधिकारका विषयमा पनि लेखियो भने भोलि संसद् कमजोर हुन्छ । सरकार हाबी हुन्छ । कार्यपालिकाले अध्यादेशका माध्यमबाट ऐनमा भएका अधिकार खुम्च्याउन सक्छ । यससम्बन्धी प्रशस्तै तितो अनुभव हामीसँग छ । यस तथ्यलाई पनि मनन गरेर विधेयकमा संसद्भित्रका विधायिकी गतिविधिका बारेमा नलेखिएको हो । विधेयकमा उत्तरविधायिकी चरणका बारेमा पनि केही चर्चा छ । यो चरण कानुन कार्यान्वयन र अनुगमनसँग जोडिएको हुन्छ । संसद्बाट पारित कानुनले सरकारलाई सहायक कानुन जारी गर्ने अधिकार प्रदान गरेको हुन्छ । सहायक कानुनहरूलाई काबुमा राख्ने काम यो विधेयकले गर्नेछ । विधि निर्माणका लागि यो विधेयक नागरिकको पक्षमा छ । यसले मुलुकको सुशासन अभिवृद्धिमा सहयोग पुऱ्याउँछ । विधेयक तर्जुमा प्रक्रियामा पारदर्शिता कायम हुने हुँदा बिचौलियाले चाहेअनुसार विधेयकमा चलखेल गर्ने सम्भावना कम रहन्छ । प्रदेश र स्थानीय तहलाई थाहा नदिईकन सुटुक्क विधेयक ल्याउने परिपाटीको पनि यसले अन्त्य गर्छ । - ईकान्तिपुरबाट


## आगलागी हुनबाट सावधानी अपनाऔं

- हिउँद तथा सुख्खा याममा आगलागीका घटनाहरु धेरै हुने हुँदा आगोको प्रयोगमा होसियारी अपनाऔं ।
- आगो तथा ग्याँस बालुञ्जेल भान्सा छाडेर टाढा नजाऔँ र गोठमा घुर बाल्दा सावधानी अपनाऔँ ।
- सलाई, लाइटर तथा डिजल, पेट्रोल जस्ता प्रज्वलनशील सामाग्री केटाकेटीले भेट्ने गरी नराखौँ ।
- हावाहुरी चलेको अवस्थामा फुसको घर तथा खुला स्थानमा आगो नबालौँ ।
- बारी, बाटोमा बालिएको आगो पूर्ण रूपमा निभेको निक्यौल गरौं ।
- जथाभावी चुरोट, विडिका ठूटा ननिभाई नभ्याकौँ ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्वीच तत्काल बन्द गरौँ ।
- आफ्नो घर टोलमा आगलागीको घटना भएमा तत्काल बारुण यन्त्रलाई खबर गरौं ।

परवानीपुर गाउँपालिका
लिपनीमाल, बारा


# आम विद्यार्थी मोर्चाको केन्द्रीय कमिटी पुनर्गठन, अध्यक्षमा विवेक साह

*साबिर आलम*
*बारा, २७ चैत्र ।*

हालै सम्पन्न भएको चैत २४ गते बसेको राष्ट्रिय भेलाले आम जनता पार्टी (आजपा) निकटको आम विद्यार्थी मोर्चाको केन्द्रीय कमिटी पुनर्गठन गरिएको छ । विवेक साको अध्यक्षतामा ८५ सदस्यीय केन्द्रीय कमिटी पुनर्गठन गरिएको छ । मोर्चाका अध्यक्ष विवेक अनुसार मोर्चाको इन्चार्जमा सरोज बछार,सह-ईन्चार्जमा प्रसान्त तिमल्सिना, उपाध्यक्षहरुमा शोभा पाण्डे, राकेश बैठा, समिरा नाश्रिन, राजु महतो, र महासचिवमा प्रदीप साह रहेका छन् । यस्तै मोर्चाको सचिवमा उपेन्द्र जयसवाल,अलोक साह (प्रिन्स) रितेश साह,रमेश साह,विकास झा, विवेक यादव कोषाध्यक्षमा नवीन कुमार साह रहेका छन् । मोर्चाको सदस्यहरुमा अरुण तामाङ, संजय चौरसिया, विशेष गुप्ता, सरोज पटेल,पदम लामा, गोपी यादव, विकी यादव, उमेश पाण्डे, सुबास मण्डल, खुस्बु झा, सुरज साह, प्रिती यादव, मञ्जु कुशवाह, सनम तिम्सिना, रजनीश

(बाँकी अन्तिम पेजमा)

## जीतपुरसिमरा ........................................................

आउने बिरामीको संख्या बढेको जीतपुरसिमरा अस्पतालका मेडिकल सुप्रिटेण्डेण्ट दा.प्रकाश साहले बताए । उनले भने हामीले मुटुको समस्या भएका बिरामीहरूलाई हृदयाघात भए/नभएको परीक्षण समेत सुरु गरेका छौं र अहिले उपमहानगरलले अस्पतालमा केहि सेवा अझै ठप्प गर्ने भनेका छ । अहिले दैनिक २ सय देखि २५० जना बिरामीले अस्पतालबाट सेवा लिइरहेका छन् भने दैनिक ५० देखि ६० जनाले ल्याबको सुविधा लिइरहेको अस्पताल प्रशासनले जनाएको छ ।४ जना डाक्टरसहित ३२ जना स्वास्थ्यकर्मीको टोलीले अहिले अस्पतालमा सेवा दिइरहेका छन् ।

अस्पतालले फार्मेसी समेत सञ्चालन गरेको छ, जसमा नेपाल सरकारले प्रदान गर्ने ९८ प्रकारका औषधिहरू निःशुल्क पाइन्छ भने अन्य बजारमा पाइने महँगो औषधीमा न्युनतम् शुल्कमा पाइने अस्पताल प्रशासनले जनाएको छ । जीतपुरसिमरा उपमहानगरले अहिले शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेख्य सुधार गरेको छ ।

जीतपुरसिमरा अस्पतालको आफ्नै निजि भवन समेत निर्माण भईरहेको छ । भवन बने संगै जीतपुरसिमरा अस्पतालमा सेवा सुबिधा ठप्प गरिने जीतपुरसिमरा उपमहानगरको स्वास्थ्य शाखाले जनाएको छ ।

## बैशाख १५ गते ........................................................

र पसल खालि नगरेमा उपमहानगरले सिधै डोजर लगाएर भत्काउने सहमति भएको उपमहानगर उपप्रमुख भोला प्रसाद अधिकारीले बताए । उनले भने स्थानीयहरुले सहमति गरेको छ सबै आ-आफ्नो सर समान आफै हटाउछ भनेर हामीले आश पनि गरेका छौ यदि आफैले हटाउन अस्विकार गरेमा र डोजर लगाएर संरचना हटाउने क्रममा कसैले अवरोध गरेमा प्रहरीको सहयोग लिएर बैशाख १५ गते डोजर लगाउने छौं ।

फत्तेपुरका अधिकांश स्थानीयहरु हात बजार र वडा कार्यालय बनाउने पर्ने अडानमा छ भने केहि बिकाश बिरोधिहरुले फत्तेपुरमा हाट बजार बन्न नदिने पक्षमा रहेको छ ।उपमहा नगरले ३ पटक सूचना जारि गरेर सुचनाको म्याद सक्दा समेत डोजर लगाएर भत्काउन नसकेको संरचना माथि के साचिकै बैशाख १५ गते उपमहानगरले डोजर लगाएर संरचना भत्काउने हो भने प्रतिक्षामा स्थानीयहरु रहेको छ । सार्वजनिक जग्गामा घरायसी र व्यावसायिक प्रयोजनका सटरहरु गरी करिब ६० घरधुरी छ । उपमहानगरको वडा नं १२ मा व्यावसायिक तरकारी खेती, माछा पालन, हुने गर्दछ । सो सार्वजनिक जग्गामा विगत लामो समयदेखि सातामा २ दिन कृषि हाटबजार लाग्ने गर्दछ ।फत्तेपुर बजारको वैज्ञानिक व्यवस्थापन र जीर्ण रहेको वडा कार्यालयको भवन निमार्णको लागि सार्वजनिक जग्गा खाली गर्न स्थानीयहरूको दायित्व भएको र उपमहानगर यस्ता सराहनीय कार्यमा सबैले सहयोग गर्नु आवश्यक रहेको स्थानीय इश्वर ढकालले बताए ।

## वीरगंज ........................................................

अस्पतालमा पनि अनुगमन गरेको थियो । सो को जानकारी उप प्रमुखका प्रेस सल्लाहकार महमद सदाबले दिनु भयो ।


बिन्दवासिनी गाउँपालिका कार्यालय
पर्साद्वारा जनहितमा जारी

- सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- वातावरण हामी सबैका साझा सम्पत्ती हो ।
  जथाभाबि फोहर नफालौ र आफ्ना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।
- समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।

# युवाहरूको लागि अधिकार र अवसरको माग गर्दै समाजवादी युवा संघ बारा

*शु.आ. सम्बाददाता*
*कलैया, २७ चैत्र ।*



युवाहरुको लागि अधिकार र अवसरको माग गर्दै समाजबादी युवा संघ बाराले जसपा पार्टी भित्र नै संघर्ष गर्न एकजुट भएका छन् । समाजवादी युवा सँग बाराको अध्यक्ष सुजित पाण्डेयको अध्यक्षतामा बसेको बैठकले पार्टी भित्र देखिको बिकृति र पार्टी सरकारमा सहभागि रहे युवाहरुलाई पनि अवसर प्रदान गर्नु पर्ने माग राख्दै संघर्षको घोषणा गरेको छ । साथै यो संघर्ष कुनै निजी वा व्यक्तिगत आकांक्षाकालागि एवं पार्टी नेतृत्व र पार्टी संगठन विरूद्ध नभएको बताउदै अन्य सँगठनको युवाहरु वा स्वतन्त्र युवाहरुलाई यो संघर्षमा सहभागि हुन आग्रह गरीएको छ। समाजवादी युवा सँग बाराको अध्यक्ष पाण्डेयको अनुसार हाम्रो संघर्ष कुनै एक वा केहि नेता विरूद्ध नभई हाम्रो संघर्ष पूर्ण रूपले युवाहरूको आवश्यकता तथा अवस्थाका लागि र पार्टी भित्र देखिएको केहि आचरण र केहि पात्रहरूको व्यवहार एवं कार्यशैली विरूद्ध रहेको बताएका छन् । युवाहरू नेता, पार्टी र संगठनको मेरूढण्ड हुन्छन भनि सुन्दै र शिर्ष नेताहरूबाट प्राप्त प्रशिक्षणहरूमा बताईने गरीएको पाईन्छ। तर ब्यवहारमा कहि कतै लागु नदेखिएको अवस्था रहेको छ। त्यसैले राजनितिमा लागेका हामी जस्ता युवाहरूले भबिष्यको चिता गर्नै पर्ने परिस्थितिका कारण यो संघर्ष गरिनुपर्ने बाध्य भएको पाण्डेयले बताएका छन् । साथै हामी पार्टीलाई र नेतृत्वलाई बदनाम गर्न खोजेको होईन बरू पार्टीमा देखा परिरहेको अनैतिक कार्यशैलीले यस संगठनलाई जनतामाझ उत्पन्न गरेको बितृष्णा र कमजोर बन्दै गरेको अवस्थालाई उजागर गर्न संघर्ष गर्न लागेको बताएका छन् ।

यसबाट निश्चित रूपमा सुदृढिकरण हुन्छ भनि बिश्वास समेत लिएको बताएका छन् । बिद्यमान अवस्थामा जिल्लामा बेरोजगारी बढ्दै गएको, युवाहरुमा निरासापन, र नितिगत भ्रष्टचार प्रत्येक तहमा बढ्दै गएकाले हाम्रो यसप्रति ध्यानाकर्षण भइ यसलाई निर्मुल र अन्त्य गर्नका लागि बिभिन्न चरणबद्ध संघर्षको घोषणा समेत गरेको अध्यक्ष पाण्डेयले बताएका छन् । हाम्रो प्रष्ट मार्ग छ, सरकारबाट हाम्रो नेता, पार्टीले ठोस रूपमा युवाहरूको रोजगार र व्यवस्थापनका लागि बिशेष प्याकेज मै नितिगत मार्ग बनाई सम्वोधन गर्नु पर्यो तथा पार्टी भित्र आ-आफ्नो आसेपासेलाई मात्र अग्रसरता दिने र इमान्दार युवाहरूलाई निरूत्साहित गर्ने कार्य तत्काल बन्द गरिनु पर्ने पार्टीसंग माग रहेको जानकारी समेत दिएका छन् । भातृसंगठनलाई पार्टीका प्रत्येक नेताले आफ्नो अभिन अङ्गको रूपमा लिदै सम्पूर्ण पार्टीको गतिबिधिमा सम्मानजनक सहकार्य गर्नु पर्ने, बिभिन्न तहहरूमा हुने राजनितिक नियुक्तिमा पारदर्शिता हुनुपर्ने र समस्त युवा समाजको रोजगार र व्यवस्थापन, सिप, तालिमको नितिगत व्यवस्था गर्नु पर्ने माग सहित संघर्षमा रहेकोले यथाशिघ्र पार्टी र सरकारले सुनावाई गरि सम्वोधन गर्नेमा विश्वस्त रहेको बताएका छन्। साथै हाम्रो माग प्रति पार्टी र सरकार गम्भिर नभए थप संघर्षमा उत्रिने बाध्य हुने चेतावनी समेत अध्यक्ष पाण्डेयले दिएका छन्।

**आम ...............................**

महतो, नितेश कुमार मण्डल, रौसन सहनी लगायतका रहेका आइटी आर्मीका केन्द्रिय सदस्य रामशरन यादवले बताए ।

# बैशाख १५ गते फत्तेपुर बजारमा बनाईएको संरचना माथि उपमहानगरले डोजर चलाउने

*अखिलेश कुमार यादव*
*बारा, २७ चैत्र ।*



बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका-१२ फत्तेपुरमा बैशाख १५ गते उपमहानगरले डोजर चलाउने भएको छ । जीतपुरसिमरा उपमहानगरपालिकाले ३ पटक सुचना निकालेर फत्तेपुर बजारको सार्वजनिक जग्गामा बनाईएको घर,टहरा तथा पसल खालि गर्न अनुरोध गरेको थियो तर स्थानीयहरुको अटेरीको कारण अहिले सम्म बजारमा बनाईएको संरचना खालि गरिएको छैन । मंगलबार फत्तेपुर बजारमा बसिएको बैठकले बैशाख १५ गते भित्र आ-आफ्नो घर,टहरा,पसल नहटाएमा उपमहानगरले डोजर चलाएर ति संरचनाहरु भत्काउने निर्णय गरिएको वडाध्यक्ष श्यामबाबु खाँले बताए ।उनले भने हामि पटक पटक वडा बाट समेत सूचना जारि गरेर बजारको जग्गा खालि गर्न भनेका छौ तर केहि व्यक्तिहरुले खालि गर्न नमाने पछि बजार व्यवस्थापनको काममा अवरुद्ध आएको हो ।मंगलबार जीतपुरसिमरा उपमहानगरपालिकाको नगर उपप्रमुख भोला प्रसाद अधिकारिको रोहवरमा भएको छलफलमा स्थानीयहरुले टहरा हटाउने सहमति गरेको छ । कृषि बजार (हाटबजार) लाई व्यवस्थित गर्ने र वडा कार्यालय भवन निमार्ण गर्नु पर्ने भएकोले सार्वाजिक जग्गामा बनाईएको टहरा हटाउन उपमहानगरले पहिलो चरणमा चैत १८ गते जिर्ण अवस्थामा रहेको घर र टहरा माथि डोजर छालाको थियो । उपमहानगरले डोजर लगाएर घर र टहरा भत्काई रहेको बेला अकेही स्थानीयले बिरोध गरेको थियो ।साबिक फत्तेपुर गाविस वडा नं ३ हाल जीतपुर सिमरा वडा नं १२ अन्तर्गत पर्ने कित्ता नं १७ को १८ कट्ठा सार्वजनिक जग्गा २०२२ सालको नापीमा फिल्डबुकमा हाटबजार भनी उल्लेख छ । सो १८ कट्ठा सार्वजनिक जग्गा मध्ये ६ कट्ठा बजारमा प्रयोग भएको र बाँकी रहेको १२ कट्ठा जग्गा व्यक्तिले घर टहरा बनाएर लामो समयदेखि भोग चलन गर्दै आइरहेको छ ।सो क्षेत्रलाई स्थानीय कृषि बजार सञ्चालन गर्ने गत आर्थिक वर्षमा उपमहानगरले ३५ लाख बजेट विनियोजन गरेको थियो तर सार्वजनिक जग्गा खाली गर्न नसकेपछि बजेट फिर्ता भयो । उपमहानगरले चालु आर्थिक वर्षको लागि पनि कृषि हाटबजार र वडा कार्यालयको भवन निमार्ण गर्न ९० लाख बजेट विनियोजन गरेको छ ।मंगलबार भएको छलफलमा स्थानीयहरुले एकै पटक सबै घर,टहरा र पसल हटाउन सहमति गरेको छ यदि बैशाख १४ गते सम्म स्थानीयहरुले आ-आफ्नो घर,टहरा

(बाँकी तेश्रो पेजमा)


मधेश प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

डिभिजन बन कार्यालय, रौतहट

चन्द्रनिगाहपुर

मिति: २०८०/१२/२७

**डिभिजन वन कार्यालय रौतहटको प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना**

यस कार्यालयको चालु आ. व. को वार्षिक (प्रदेश कार्यक्रमतर्फ) कार्यक्रम अनुसार निजी वन र कृषि वन स्थापना सहयोग कार्यक्रम गर्नको लागि प्रति हेक्टरको दरले अनुदान दिने कार्यक्रम रहेकोले यस जिल्लाको निजी जग्गाधनी, निजी जग्गा धनीको समुह वा सहकारी तथा कुनै संघसंस्थाको नाममा दर्ता रहेको जग्गावालाले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र जग्गाधनी लालपूर्जा प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, वृक्षारोपण गर्ने जग्गाको नक्शा, मालपोत तिरेको रसिद साथ ईच्छुक किसान ,सहकारी तथा कुनै संघ संस्थाले यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

*विस्तृत जानकारीको लागि विस्तृत सुचना यस कार्यालयको Website : dforutahat.gov.np मा राखिएको छ । सम्पर्क न ०५५-५४०२१०*

नि.डिभिजन बन अधिकृत


# जीतपुरसिमरा अस्पतालमा सेवा सुबिधा थप भए संगै बिरामीको चाप बढ्दै

*बारा, २७ चैत्र ।*

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२ सिमरामा रहेको जीतपुरसिमरा अस्पतालमा अहिले बिरामीको चाप बढ्दै गएको छ ।अस्पतालमा सेवा सुबिधा थप भए संगै दैनिक उपचारको लागि आउने बिरामीको संख्या बढेको हो ।जीतपुरसिमरा अस्पतालले २४ औं घण्टा आकस्मिक सेवा दिन सुरु गरे संगै अब बिरगंज,हेटौडा, कलैया जाने झन्झट बाट जीतपुरसिमराका स्थानीयहरुले छुटकारा पाएको छ ।विगतमा खकार, रगत, सुगर, थाईराइड, मुटु, मिर्गौला परीक्षण गर्न वीरगंज, हेटौंडा काठमाडौं जाने बिरामीहरूले अहिले जीतपुर सिमरा अस्पतालबाटै सेवा पाउन थालेका छन् । जीतपुरसिमरा अस्पतालमा अहिले बिहान ९ बजे देखि लिएर बेलुका ५ बजे सम्म ओ.पी.डी सेवा संचालन गर्दै आईरहेको छ । पछिल्लो समय अस्पतालले २४ सै घण्टा आकस्मिक सेवा, गर्भवती परीक्षण, गर्भवती महिलाहरूका लागि नि:शुल्क एम्बुलेन्स सेवा, बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म ल्याब परीक्षण सेवा दिन सुरु गरे संगै अस्पतालमा अहिले उपचारको लागि

(बाँकी तेश्रो पेजमा)

**पक्राउ ..................................**

छैन् । दोषी देखिए कानुनी कारवाही गर्ने हिसावमा पर्सा प्रहरी काम गरी रहेको तथा कसैको दवावमा नपर्ने प्रतिक्रिया पर्साका प्रहरी नायब उपरिक्षक कुमार बिक्रम थापाले दिएपनि थुनामा राख्नु पर्ने व्यक्तीलाई झुठा बिवरण बनाई प्रहरीले नै अस्पताल भर्ना गराउन सहयोग गरेको हो कि ? भन्ने अंशकाहरु उब्जिएको छ । अर्को तर्फ छातीको दुखाई डाईरिया र ज्वरोमा कसरी रातभरीमा परिवर्तन भयो गम्भीर प्रश्न उब्जिएको छ। स्रोतलाई हवाला दिने हो भने एमडी अंसारीलाई कुनै बिमारी नरहेको तथा उनका बुवा डा. जैनुदिन अंसारीको प्रभाव र दवावमा प्रहरी प्रशासन एवं राजनितिक दलका प्रतिनिधिहरु काम गरी रहेका छन् । सानालाई ऐन र ठूलालाई चैन पुरानै शैलीमा पर्सा प्रहरी चलेको हो कि भन्ने आम वीरगंजवासीको बुझाई छ । एमडी अंसारीले एका तर्फ बिरामीको नाटक गरी रहेका छन् भने अर्को तर्फ प्रहरी प्रशासन एवं अनुगमन टोलीले गरेको कामको प्रेस बिज्ञप्ती निकालेर बिरोध गरी रहेका छन् । कलेज प्रशासनले मंगवार बिहान एक प्रेस बिज्ञप्ती प्रकाशित गरी अनुगमन टोलीले द्वेषपूर्ण एवं पूर्वाग्री भएर काम गरेको भन्दै अनुगमन तथा अनुसन्धानमा देखिएका सम्पूर्ण कुराहरुलाई खारेज गरेको थियो भने दिउँसो अस्पतालका स्वास्थ्यकर्मीले एमडीलाई रिहा गर्नु भन्दै जिल्ला प्रहरी कार्यालय पर्साको मुलगेट अगाडी प्रदर्शन गरेका थिए । उत्ता अस्पतालका एमडी अंसारी बेडमा आराम गर्ने बहानामा दिनभरी मोबाई खेलाई रहेका छन् भने आफ्नतहरुसँग कुराकानी गर्न व्यस्थ रहेका छन् । आईस्यु भर्ना भएको कारण हतपती कसैलाई चिकित्सकहरुले प्रवेश दिदैनन् । तर एमडी अंसारीको कक्षमा भने त्यतो कुनै प्रोटोकल अपनाइएको छैन् । उनलाई गेष्टहाउसमा पाईने सुबिधा दिइएको छ । उनी दिनभरी आफन्तलाई भेटन र कुराकानी गर्नमै व्यस्थ भइरहेका छन् ।


**हाम्रो अनुरोध**

- **सुक्खा मौसममा हावाहुरी चल्ने घर, पसल, कार्यालय र वनलगायतमा आगलागी भई जनधनको ठूलो क्षति हुनसक्छ ।**
- **आगलागीका विपदजन्य घटना हुन नदिन र भइहालेमा कम क्षतिमा नियन्त्रण गर्नका लागि जनस्तरबाटै सावधानी अपनाऔं ।**
- **आगो उत्पन्न हुने सलाई, लाइटर, ग्याँस सिलिण्डर र चुल्हो बालबालिकाबाट टाढै राखी होसियारीपूर्वक प्रयोग गर्ने र काम सकिएपछि सुरक्षितसाथ राख्ने गरौं।**
- **वनमा डढेलो नलगाउने, वनमा वनभोज गर्दा बालेको आगो र खाएको चुरोटको ठुटा पूर्णरूपमा निभाउने गरौं ।**

**प्रसौनी गाउँपालिका वडा नं ६ को कार्यालय**
**बारा, नेपाल**



प्रसौनी गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहित गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्तिमा संरक्षणमा गाँउपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरी सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।